मिति : २०८०/०३/२४, कापा बैठक संख्या:२६-०७९/८०

प्रस्तावहरू

१. भुक्तानी सम्बन्धमा,

२. पारिश्रमिक वापतको रकम उपलब्ध गराउने सम्बन्धमा,

३. अतिरिक्त भत्ता उपलब्ध गराउने सम्बन्धमा,

४. चमेना गृहको व्यवस्थापन सम्बन्धमा,

५. विविध ।

निर्णयहरू

१. भुक्तानी सम्बन्धमा ।

**क. कञ्चन गाउँपालिकाको आवधिक योजना निर्माण वापतको रकम भुक्तानी सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको कार्यालय र **Alaana International Services Pvt. Ltd., New Baneshwor Kathmandu** सँग सम्झौता भई कार्यदिश दिइएकोमा उक्त संस्थाले पेश गरेको आवधिक योजनाको अन्तिम मस्यौदा उपर राजनीतिक दल बुद्धिजिवि, प्रबुद्ध वर्ग, शिक्षक, समाजसेवी लगायत सरोकारवालासँग समेत छलफल गरी अन्तिम रूप दिंदा उपयुक्त हुने ठहर सहित **Alaana International Services Pvt. Ltd., New Baneshwor Kathmandu** लाई हाल सम्झौतामा उल्लेख भएको रकमको ५०% ले हुन आउने रकम भुक्तानी दिने र परामर्श दाता संस्था **Alaana International Services Pvt. Ltd., New Baneshwor Kathmandu** सँगको सम्झौता अवधि २०८० भाद्र १५ गते सम्म थप गर्ने ।

**ख. सडक गुरूयोजना निर्माण वापतको रकम भुक्तानी सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको कार्यालय र परामर्श दाता संस्था **Elisha Engineering & Consultancy Pvt. Ltd. Buddhanagar-10, Kathmandu** सँगको सम्झौता भई कायदिश दिइएकोमा उक्त संस्थाले पेश गरेको सडक गुरूयोजनाको अन्तिम मस्यौदा प्राप्त भई कार्यपालिकामा समेत छलफल भएको हुँदा उक्त सडक गुरूयोजना स्वीकृत गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिने।

**ग. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधार सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधार तयार गर्न परामर्श दाता संस्था Universal Research & Development Pvt. Ltd. (Universal) सँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न गरी कार्यपालिकामा समेत प्रस्तुत गरेको हुँदा उक्त कार्यवापतको सम्झौता वापतको रकम भुक्तानी दिने ।

घ. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गाको डिजिटाइजेसन सम्बन्धमा,

कञ्चन गाउँपालिका भित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गा केही कित्ताहरूको व्यवस्थापनका लागि डिजिटाइजेसन, फिल्ड बुक लगायतका कार्य परामर्श दाता संस्था **Perfect Geospatial Solutions Pvt. Ltd. Koteshwor-32, Kathmandu** सँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न गरी कार्यपालिकामा समेत प्रस्तुत गरेको हुँदा उक्त कार्यवापतको सम्झौता वापतको रकम भुक्तानी दिने ।

ङ. प्रगति नमूना माध्यमिक विद्यालयको भुक्तानी सम्बन्धमा,

कञ्चन गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत योजना KRM/WORK/NCB/11/079/80 **(Boundry Wall, Paving& Furniture Works at Pragati Secondary School)** को काम सम्पन्न भएतापनि **Finishing, Measurement, Final Bill** लगायतका काम सम्पन्न गर्न केही दिन लाग्ने देखिएकाले उक्त योजनाको रकम विद्यालयको खातामा निकासा गरी उक्त रकम हाललाई रोक्का राख्ने तथा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन लगायतका आधारमा मात्र भुक्तानीका लागि आवश्यक व्यवस्था मिलाउने।

२. हलुका सवारी चालकको पारिश्रमिक भुक्तानी सम्बन्धमा,

श्री राष्ट्रिय भूमि आयोग जिल्ला समिति रूपन्देहीको च.नं. २०६ मिति २०८०/०३/२२ गतेको पत्रबाट चालु आर्थिक वर्ष २०७९/८० मा हलुका सवारी चालकको पारिश्रमिक वापतको रकम बजेट उपशीर्षक तथा कार्यक्रममा प्राप्त नभएकोले हलुका सवारी चालक श्री अमर रेग्मीको १ महिनाको मासिक रू. २७,६१२.०० अक्षरूपी सत्ताइस हजार छ सय बाह्र रूपैयाका दरले ३ महिनाको रकम रू.१,३८,०६०.०० अक्षरूपी एक लाख अडतिस हजार साठी रूपैया माग भई आएको हुँदा जेष्ठ महिनाको रकम रू. २७,६१२.०० अक्षरूपी सत्ताइस हजार छ सय बाह्र मात्र निज सवारी चालक श्री अमर रेग्मीको खातामा नै भुक्तानी दिने।

३. अतिरिक्त भत्ता सम्बन्धमा,

नापी कार्यालय रूपन्देहीको च.नं. २०४७ मिति २०८०/०३/२२ को पत्रबाट कार्यालय प्रमुख सुग्रिव यादव र नापी अधिकृत सन्दिप ढकाल कञ्चन गाउँपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गा दर्ता तथा श्रेष्ता पुर्जा तयार गर्ने कार्यका लागि फिल्डमा खटि कित्ता काट तथा चेकजाँच कार्यमा समन्वय र सहजिकरण भएको तथा गाउँपालिकाबाट विभिन्न समयमा कित्ता काट तथा जग्गा दर्ता श्रेष्ता कार्यहरूका लागि पत्राचार समेत भएको हुँदा निजहरूलाई देहाय बमोजिमको रकम भुक्तानी दिने ।

देहाय

क. सुग्रिव यादव (२०८० बैशाख र जेष्ठ महिनाको शुरू तलब स्केलले हुन आउने रकमको ५०/५०% का दरले)

ख. सन्दिप ढकाल (२०८० बैशाख र जेष्ठ महिनाको शुरू तलब स्केलले हुन आउने रकमको २५/२५% का दरले)

४. चमेना गृह व्यवस्थापन सम्बन्धमा,

कञ्चन गाउँपालिकाको कार्यालयमा रहेको चमेना गृह पंगेनी खाजा घरले विगत डेढ वर्षदेखि चमेना गृह सञ्चालनमा गर्दै आएकोमा सम्झौता बमोजिमको गुणस्तरीय सेवा उपलब्ध गराउन नसकेको हुँदा आ.व. २०८०/८१ देखि निजको सम्झौता नविकरण नगर्ने र चमेना गृह पंगेनी खाजा घरका सञ्चालकलाई मिति २०८० आषाढ मसान्तसम्म चमेना गृह खाली गर्नका लागि निर्देशन दिने ।